नेपाल सरकार
उद्योग मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको अनुसूची-२ को खण्ड १४ को उपखण्ड ५ अन्तर्गत राजपत्र अनंकित द्वितीय श्रेणीमा रहने पदमा "टेक्निसियन" पद थपेको छ ।

आज्ञाले,
प्रताप कुमार पाठक
नेपाल सरकारको सचिव

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरुमा बाँकी रहेका ब्लक जग्गा नाप जाँच गर्न यो आदेश जारी गरेको छ । त्यसरी ब्लक जग्गा नाप जाँच गर्दा परेका उजुरी उपर नापी टोलीले सरजमिन वा आवश्यक जाँचबुझ गरी दिएको रायका विषयमा निकासा दिन जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६ को उपदफा (५) को प्रयोजनको लागि नेपाल सरकारले जग्गा नाप जाँच नियमावली, २०५८ को नियम ११ बमोजिमको समितिलाई तोकेको छ ।

१. मकवानपुर २. दाङ्ग ३. चितवन ४. बारा ५. रौतहट
६. ललितपुर ७. भक्तपुर

आज्ञाले,
छविराज पन्त
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।–
आधिकारिकता मोहर हुने मितिले प्रकाशित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।